※यो पत्र YYYY, MM, DD तारिखसम्म हाम्रो बैंकको खाता प्रयोग गर्नुहुने ग्राहकहरूलाई पठाइएको छ। तपाईंले हाम्रो बैंकको खाता रद्द गरिसक्नुभएको छ भने यो पत्रको जवाफ दिनुपर्दैन।

YYYY, MM, DD
Japan Post Bank, Co., Ltd.

# कारोबार उद्देश्य आदि निश्चय गर्न अनुरोध

आदरणीय ग्राहक महानुभावहरू, हाल पनि तपाईंहरूले आ-आफ्नो क्षेत्रमा सफलता हासिल गरिरहनुभएको छ भन्ने आशा गर्दछौँ।
सदैव युच्यो बैंक र जापान पोस्ट प्रयोग गरिदिनुभएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं।
विगत केही समय यता, अन्तर्राष्ट्रिय समुदायमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको महत्त्व बढिरहेको छ । तसर्थ, जापानको सम्पूर्ण वित्तीय संस्थाहरू सम्बन्धित सरकारी निकायहरूसँग सहकार्य गरी, विभिन्न नियन्त्रणका उपायहरू अपनाई, स्वस्थकर वित्तीय प्रणालीलाई कायम राख्ने कार्यमा लागिरहेका छन्। ती मध्ये एक कार्यको रूपमा, हाम्रो बैंकले नयाँ कारोबार गर्नुहुने ग्राहकहरूका साथै पहिलेदेखि नै कारोबार गर्दै आइरहनुभएका ग्राहकहरूलाई पनि, क्रमिक रूपमा, यो पत्र बाहेक काउन्टरमा सोध्ने आदि गरी, ग्राहकसँग सम्बन्धित जानकारी तथा कारोबार उद्देश्य आदिको नियमित तथा लगातार निश्चय गर्ने काम गरिरहेको छ।
त्यसकारण, कृपया तपाईंसँग भएको निम्न खाताबारे, यस्ता जानकारीहरू निश्चय गर्नको लागि, तल लेखिएको विधिद्वारा जवाफ दिनुहुन विनम्र अनुरोध गर्दछौं।

| | |
|---|---|
| सम्बन्धित खाता नम्बर (सामान्य (बचत) खाता अथवा रकम ट्रान्सफर खाता) | ＊＊＊＊＊－＊＊＊＊○○○○<br>(अन्तिमको 4 अङ्क मात्र देखाइएको छ) |
| जवाफ दिने म्याद | **YYYY, MM, DD** |

हाम्रो बैंकले भविष्यमा पनि ग्राहकको बहुमूल्य सम्पत्तिको जिम्मा लिई, विश्वसनीय तथा सुरक्षित कारोबारलाई निरन्तरता दिनेछ। त्यसको लागि जरुरी कार्य हुनाले, यस कार्यलाई बुझी, सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं।
साथै तपाईंसँग, तपाईंले दिनुभएको जवाफसँग सम्बन्धित कुराहरू निश्चय गर्न सकिने कुराबारे अग्रिम जानकारी गराउन चाहन्छौं।

भवदीय

जवाफ दिने तरिका

स्मार्ट फोन अथवा कम्प्युटरबाट हाम्रो बैंकको Web साइट (तलको भाग) → "ग्राहकलाई आफ्नो जानकारी आदि प्रदान गर्न अनुरोध" को पृष्ठ※ मा राखिएको लिङ्कबाट "युच्यो बैंकको ग्राहकले आफ्नो जानकारी उद्घोष गर्ने साइट" मा गई, सबै प्रश्नहरूको जवाफ दिनुहोस्।
लगइनको लागि प्रयोग गर्ने ID र पासवर्ड निम्न अनुसार रहेको छ।
(स्मार्ट फोनले दायाँ भागको दुई-आयामी कोड रिडिङ गरेमा, ID र Password टाइप नगरीकन सिधै लगइन गर्न सकिन्छ।)

[ID] ************
[Password] ************
※ (URL) https://www.jp-bank.japanpost.jp/honnin/hn_zct.html

(सुरक्षाको लागि केही विवरणलाई इन्क्रिप्ट गरिएको छ।)

※ तपाईंसँग स्मार्ट फोन आदि नभएमा वा अन्य कारणवश स्मार्ट फोन आदिबाट जवाफ दिन गाह्रो हुने अवस्थामा, हामी हुलाक मार्फत तपाईंलाई जवाफ दिने पत्र पठाउछौं। त्यस्तो अवस्थामा निम्न स्थानमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।
※ फिर्ता पठाउने वा जापान पोस्ट बैंक तथा हुलाक कार्यालयको बचत काउन्टरमा पेश गर्न पनि सक्नुहुन्छ।

◇ हामीले तपाईंसँग निश्चय गर्न चाहेको कुरा र हामीले नयाँ कारोबार सुरु गर्नुहुने ग्राहकहरूलाई सोध्ने कुरा एकै हो।
◇ तपाईंको "कार्यस्थल वा अध्ययनरत शैक्षिक संस्था आदि", "वार्षिक आय आदि" सँग सम्बन्धित प्रश्नहरू पनि हुनाले, सम्भव भएसम्म तपाईंले ती प्रश्नहरूको जवाफ दिनुभयो भने, हामी तपाईंप्रति कृतज्ञ हुनेछौं।
◇ तपाईंले हाम्रो बैंकको Web साइट (माथिको URL) मा गई, जापानी भाषा बाहेकका भाषाहरूमा जानकारी हेर्न सक्नुहुनेछ।

| | |
|---|---|
| **सम्पर्क** | जापान पोस्ट बैंक कम्पनी लिमिटेड ग्राहक जानकारी व्यवस्थापन केन्द्र<br>Tel 0120-340-004<br>< खुला समय > सोमबारदेखि शुक्रबार 9:00～19:00<br>शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन 9:00～17:00<br>(डिसेम्बर 31 तारिखदेखि जनवरी 3 तारिखसम्म बन्द हनेछ) |